RR Interdisciplinary Journal
Vol. 5, No. 5, 115-126, December, 2024 (2081 Mangsir)
https://doi.org/10.3126/rrij.v5i5.78934

# *राजकुमारी वासवदत्ता* खण्डकाव्यमा प्रयुक्त आन्तरिक द्वन्द्व

**डा. विष्णुप्रसाद ज्ञवाली**[1]

**लेखसार**

*'राजकुमारी वासवदत्ता खण्डकाव्यमा प्रयुक्त आन्तरिक द्वन्द्व' शीर्षकको प्रस्तुत लेख कवि वासुदेव त्रिपाठी ( विसं १९९९) ले रचना गरेको राजकुमारी वासवदत्ता काव्यमा प्रयुक्त आन्तरिक द्वन्द्वको विश्लेषणमा आधारित छ । राजकुमारी वासवदत्ता काव्यमा आन्तरिक द्वन्द्वको अभिव्यक्ति के कसरी भएको छ भन्ने जिज्ञासाको प्राज्ञिक विश्लेषणका निम्ति आवश्यक परेका सामग्री पुस्तकालय स्रोतबाट सङ्कलन गरिएको छ । त्यसरी सङ्कलित सामग्रीमध्ये राजकुमारी वासवदत्ता काव्य प्रस्तुत लेखको प्राथमिक सामग्री हो भने त्यसका बारेमा भएका प्राज्ञिक विवेचना तथा द्वन्द्वविधानका सैद्धान्तिक चिन्तनसँग सम्बद्ध ग्रन्थ, लेखादि द्वितीयक सामग्री हुन् । काव्यमा निहित आन्तरिक द्वन्द्वको विश्लेषण गर्नका निम्ति द्वन्द्व सिद्धान्तमा आधारित (क) सकारात्मक सकारात्मक द्वन्द्व, (ख)सकारात्मक नकारात्मक द्वन्द्व र (ग) नकारात्मक सकारात्मक द्वन्द्व शीर्षक भएको विश्लेषणको ढाँचा अवलम्बन गरिएको छ । यही ढाँचाका आधारमा पाठविश्लेषण विधि उपयोग गरी प्रस्तुत काव्यमा प्रयुक्त द्वन्द्वको विश्लेषण गरिएको छ । विश्लेषणबाट काव्यमा सकारात्मक सकारात्मक र सकारात्मक नकारात्मक द्वन्द्वको भूमिका सबल रहेका देखिए पनि काव्यलाई परिणतिमा पुऱ्याउनका निम्ति सकारात्मक सकारात्मक द्वन्द्वको भूमिका नै प्रमुख रहेको विचार प्रस्तुत गरिएको छ ।*

***शब्दकुञ्जी :*** अस्तित्वबोध, आत्मनिर्णय, द्वन्द्व, प्रणययात्रा, सङ्कटावस्था

## विषय परिचय

*राजकुमारी वासवदत्ता* (२०४५) कवि वासुदेव त्रिपाठीले रचना गरेको खण्डकाव्य हो । प्रस्तुत काव्य २०२३ सालमा रचिई २०२४ सालमा *कविता* पत्रिकामा प्रकाशित भएको देखिन्छ । यही खण्डकाव्यलाई २०३२/३३ सालतिर कविले महाकाव्यको स्वरूपमा विस्तार गर्ने प्रयत्न गरेको तर उक्त प्रयत्न परिणाममा पुग्न नसक्दा परिष्कृत खण्डकाव्यकै रूपमा अन्य दुई काव्यसहित *तीन थुँगा* (२०४५) काव्यसङ्ग्रहमा समावेश भई पुनः प्रकाशन भएको छ । *तीन थुँगा* काव्यपछि त्रिपाठीका *सम्झनाकुञ्ज* (२०६६), *जीवननिकुञ्ज* (२०६७) र *सृजनकुञ्ज* (२०६७) नामका कविता काव्यसङ्ग्रह प्रकाशित भएका छन् । *सृजनकुञ्ज*मा अभिव्यक्त काव्यकार त्रिपाठीका कथनलाई आधार मान्ने हो भने उक्त सङ्ग्रह प्रकाशन हुँदासम्म उनका प्रकाशित काव्यको सङ्ख्या ५७ पुगेको छ । उनका ती काव्यमा प्रकृति, कला र जीवनसँग सम्बद्ध विविध विषयवस्तुको उपयोग भएको पाइन्छ । प्रस्तुत लेखको आधार सामग्री *राजकुमारी वासवदत्ता* काव्यमा पौराणिक स्रोतको कथावस्तु उपयोग गरिएको छ । त्यो मूलतः यौवनका प्रेमाकर्षण र प्रणययात्राको सूक्ष्म कथामा आधारित छ ।

द्वन्द्व विपरीत विचार, चिन्तन, घटना, स्वार्थ आदिका बिचमा हुने सङ्घर्ष हो । यो लक्ष्य केन्द्रित हुन्छ । लक्ष्य प्राप्तिका क्रियाशीलतासँगै उत्पन्न हुने अवरोधसँगको सङ्घर्षबाट द्वन्द्वको अवस्था देखापर्न थाल्छ । भौतिकजगत्को विकासमा पुरानाको पतन र नयाँको उदय भएजस्तै विचारका तहमा पनि त्यो अवस्थ देख्न सकिन्छ । साहित्यका सन्दर्भमा यसलाई कार्य, घटना वा भावलाई समन्वय गरी गतिशील बनाउँदै उद्देश्य प्राप्तिका निम्ति अपनाइने सशक्त युक्ति मान्न सकिन्छ । द्वन्द्वको उपस्थितिबाटै कथावस्तुले गति लिने हुनाले यसलाई साहित्यिक विधाको छुट्टै संरचक घटकका रूपमा प्रस्तुत गरेको पाइन्छ भने कार्यव्यापारको सङ्गठन र विकासमा नै यसको भूमिका निहित रहने हुनाले यसलाई कथानकको एक अवयव मानेको पनि देखिन्छ । काव्य भावप्रधान हुने हुनाले यसमा द्वन्द्वको अवस्था आख्यान वा नाटकमा जस्तो स्थूल नहुन सक्छ तथापि विविध पक्षबिचको अन्तर्विरोधको समष्टि रूप

[1] उपप्राध्यापक, नेपाली विभाग, रत्न राज्यलक्ष्मी क्याम्पस, त्रिभुवन विश्वविद्याल, नेपाल । Email: bgyawali62@gmail.com

जीवनजगत्कै अभिव्यक्ति काव्यमा पनि हुने हुनाले द्वन्द्वको भूमिकालाई यसबाट पृथक गर्न सकिँदैन । त्यसैले द्वन्द्वविधानलाई नै मुख्य आधार मानेर पनि काव्यको विमर्श गर्न सकिन्छ ।

*राजकुमारी वासवदत्ता* काव्यमा प्रेमिका राजकुमारीले प्रेमी उदयनलाई प्राप्त गर्ने सन्दर्भ विविध अवरोधको सामना गर्नु परेको देखिन्छ । त्यस क्रममा वासवदत्ताका कल्पना, भाव, चिन्तन र कार्यव्यापारमा देखापर्ने विशेषतः आन्तरिक द्वन्द्वको स्थितिले नै काव्यलाई गति दिएको देखिन्छ । भावप्रधान काव्य भएकाले यसमा आन्तरिक द्वन्द्वको प्रधानता हुनु स्वाभाविक नै छ । यस कारण प्रस्तुत काव्य द्वन्द्वविधानका दृष्टिकोणले विश्लेष्य छ । प्रस्तुत काव्यको द्वन्द्वलाई चापागाईं (२०६०), ज्ञवाली (२०७०) जस्ता अध्ययनमा महत्त्वका साथ हेरिएको भए पनि उक्त विषयलाई नै प्रमुख समस्या बनाएर यस काव्यको विश्लेषण भएको देखिँदैन । प्रस्तुत लेख *राजकुमारी वासवदत्ता* काव्यमा आन्तरिक द्वन्द्व के कस्तो छ र त्यसको विधान के कसरी गरिएको छ भन्ने समस्यामा आधारित रहेको छ । त्यसैले प्रस्तुत लेखमा उक्त काव्यको अध्ययनमा रहेको प्राज्ञिक रिक्ततालाई सम्बोधन गर्न मदत पुग्नेछ भन्ने अपेक्षा गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत लेखमा प्राथमिक र द्वितीयक स्रोतका सामग्री उपयोग गरिएको छ । काव्यकार वासुदेव त्रिपाठीद्वारा रचना गरिएको काव्य *राजकुमारी वासवदत्ता* यस लेखको प्राथमिक सामग्री हो भने *राजकुमारी वासवदत्ता* काव्यका बारेमा भएका पूर्वाध्ययनहरू र द्वन्द्वविधानको सैद्धान्तिक विमर्श भएका सामग्रीहरू द्वितीयक स्रोतका सामग्री हुन् । यी दुवै प्रकृतिका सामग्री पुस्तकालय स्रोतबाट सङ्कलन गरिएको छ । *राजकुमारी वासवदत्ता* काव्यमा प्रयुक्त द्वन्द्वको विश्लेषण गर्न उक्त काव्यको सूक्ष्म पठनबाट द्वन्द्वका भावको सघन अभिव्यक्ति भएका अंशको पहिचान गरी आवश्यक तथ्य सङ्कलन गरिएको छ । ती तथ्यको विश्लेषणका निम्ति द्वन्द्वविधानको आन्तरिक आयामलाई मूल आधार मानिएको छ । यसका निम्ति कुर्त लेविनले प्रस्तुत गरेको मानसिक द्वन्द्वका तीन प्रकार (क) सकारात्मक सकारात्मक द्वन्द्व, (ख) नकारात्मक नकारात्मक द्वन्द्व र (ग) सकारात्मक नकारात्मक द्वन्द्व सम्बन्धी मान्यतालाई आधार बनाइएको छ । प्रस्तुत लेखमा उठान गरिएको समस्याको प्राज्ञिक समाधान गर्नका निम्ति आन्तरिक द्वन्द्वसम्बन्धी तिनै मान्यतालाई आधार बनाई पाठविश्लेषण विधि उपयोग गर्दै *राजकुमारी वासवदत्ता* काव्यको विश्लेषण गरी निष्कर्षमा पुगिएको छ ।

## आन्तरिक द्वन्द्वको सैद्धान्तिक परिचय

एकैसाथ समाधान हुन नसक्ने दुई आवश्यकता, चाहना, अवस्था, लक्ष्य वा कार्य परस्परमा सङ्घर्षरत हुँदाको स्थितिमा द्वन्द्व उत्पन्न हुन्छ । यस्तो अवस्थामा भोक्ताले भावनात्मक र कार्यात्मक रूपमा असुविधाको महसुस गर्छ । ऊ भिन्न दिशामा विभाजित हुन्छ र एकको चयनमा कम्तीमा पनि अर्को बाधित हुन पुग्छ (डेभिडोफ, सन् १९७६, पृ. ४४५) । सामान्यतः परस्पर विरोधी पक्षको प्रतिस्पर्धाबाट द्वन्द्व उत्पन्न हुने भए पनि त्यसका पछाडि सधैं नकारात्मक, तनावपूर्ण र बाधक तत्त्व मात्र कारण बनेका हुँदैनन् अर्थात् सकारात्मक पक्षबिचको तनावबाट पनि द्वन्द्वको सिर्जना हुन सक्छ । कतिपय अवस्थामा एकभन्दा बढी त्यस्ता परिस्थिति निर्माण हुन्छन् जसलाई एकैसाथ सम्बोधन गर्न सकिँदैन । ती क्रमिक रूपमा मात्र कार्यान्वयन हुन वा एकको परिणतिसँगै अर्को प्रभावहीन हुँदै निष्क्रिय हुने स्थिति बन्न सक्छ । यस्तो अवस्थामा एक परिस्थिति, मूल्य, भाव, कार्य, घटना अर्कोमाथि हाबी हुन सक्छ ( मिलनर, सन् १९७१, पृ. ३-४) । द्वन्द्वमा देखापर्ने यस्तै चारित्रिक मूल्यका आधारमा यसलाई आन्तरिक र बाह्य गरी दुई प्रकारमा हेर्न सकिन्छ । बाह्य द्वन्द्व कम्तीमा दुई पक्ष वा पात्रबिचको भिन्न मत, व्यवहार, व्यवस्था, कार्य आदिका कारण उत्पन्न हुन्छ । लक्ष्यप्राप्तिको मार्गमा देखापर्ने मूर्त शक्तिले निम्त्याउने अवरोधका कारण बाह्य द्वन्द्व देखापर्छ । त्यस्तै आन्तरिक द्वन्द्व एकै पात्रका भिन्न विचार, व्यवहार वा कार्यका कारण सोही पात्रमा घटित हुन्छ । आन्तरिक द्वन्द्व मूलतः एकै व्यक्तिको भावना, नैतिकता, आत्मनियन्त्रण, सङ्कल्प, आकाङ्क्षा, भय, सन्देह आदिको सङ्घर्षबाट मानसिकतामा उत्पन्न हुन्छ । यी सबै भाव व्यक्तिका अन्तर्यसँग सम्बद्ध भएकाले तिनीहरूको टकराबबाट सिर्जना हुने आन्तरिक द्वन्द्व सूक्ष्म प्रकृतिको हुन्छ । यसमा व्यक्तिको विवेक, कार्य र निर्णयबिचमा उत्पन्न हुनसक्ने तनावको अवस्थाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । एकाधिक चयनमा एक मात्र प्राप्त गर्ने अवस्थामा आन्तरिक द्वन्द्व देखापर्छ ।

आन्तरिक द्वन्द्वलाई मानसिक द्वन्द्व पनि भन्ने गरेको पाइन्छ । कुर्त लेविनले यसलाई मनोवैज्ञानिक द्वन्द्व भनेका छन् । उनका अनुसार व्यक्ति एकै समयमा दुई लक्ष्यमा विभाजित हुँदा आन्तरिक द्वन्द्वको अवस्थामा पुग्छ र यसलाई मनोवैज्ञानिक कारणले संयोजन गरेको हुन्छ । यो मानसिक स्तरमा घटित हुन्छ अनि व्यक्तिका चरित्र र कार्य सम्पादनमा परिवर्तन ल्याउन मदत गर्छ । उनले समसामर्थ्य भएका दुई पक्षको टकराबका कारण आन्तरिक द्वन्द्व उत्पन्न हुने विचार व्यक्त गर्दै यसलाई मनोवैज्ञानिक रूपमा लगभग समसामर्थ्य बिचको सङ्घर्ष भनी परिभाषित गरेका छन् । उनले आन्तरिक द्वन्द्वको विश्लेषण गर्ने क्रममा यसका तीन उपवर्ग प्रस्तुत गरेका छन् । उनले प्रस्तुत गरेका ती तीन प्रकार हुन्- (क) सकारात्मक सकारात्मक द्वन्द्व, (ख) नकारात्मक नकारात्मक द्वन्द्व र (ग) सकारात्मक नकारात्मक द्वन्द्व (लेविन, सन् १९३५, पृ. १२२) । यसरी हेर्दा आन्तरिक द्वन्द्वमा एकातर्फ कुनै एक निश्चित लक्ष्य प्राप्तिमा संलग्न हुने इच्छा हुन्छ अनि अर्कातर्फ त्यसलाई अवरोध गर्ने शक्ति पनि सँगसँगै क्रियाशील हुन्छ । यसमा रहने समान वा असमान मूल्यका कारण यो भिन्न भिन्न स्वरूपमा देखापर्छ । यहाँ लेविन कुर्तले प्रस्तुत गरेका आन्तरिक द्वन्द्वका तीन उपवर्गलाई थप प्रस्ट पारिएको छ :

### (क) सकारात्मक सकारात्मक द्वन्द्व

सकारात्मक सकारात्मक द्वन्द्वमा व्यक्ति लगभग समान सामर्थ्य भएका दुई सकारात्मक पक्षहरूका बिचमा रहन्छ । यस किसिमको द्वन्द्वको सङ्घर्षपूर्ण स्थिति कहिलेकाहीँ आकर्षणका बिच सिर्जना हुने उतरचढावका कारण पनि उत्पन्न हुन सक्छ (लेविन, सन् १९३५, पृ. १२३) । कुनै व्यक्ति समान प्रकृतिका आवश्यकता, लक्ष्य वा कार्यप्रति समान रूपमा आकर्षित हुँदा यस प्रकारको द्वन्द्व देखापर्छ । यस्तो अवस्थामा भोक्ता कुनै लक्ष्यप्रति अस्थायी रूपमा निकट हुन्छ । तीमध्ये कुनै एकको आकर्षण निरन्तर बढ्दै जान्छ र अर्कोप्रतिको लगाव क्रमशः कमजोर हुँदै जान्छ । अन्ततः कुनै एकको प्राप्तिमा द्वन्द्व परिणतिमा पुग्छ (डेभिडोफ, सन् १९७६, पृ. ४४८) । यस प्रकृतिको द्वन्द्वमा दुवै आनन्ददायी मूल्य  रहने हुनाले एकको चयनले अर्को बाधित भए पनि त्यसले निराशा उत्पन्न गराउँदैन । त्यसैले यो अप्रिय मूल्यहरूको चयनभन्दा तुलनात्मक रूपमा सहज हुने मानिन्छ ।

### (ख) नकारात्मक नकारात्मक द्वन्द्व

दुवै मूल्य आनन्ददायी नहुने तर नचाहेरै पनि कुनै एकको चयन गर्नुपर्ने अवस्थामा नकारात्मक नकारात्मक द्वन्द्व सिर्जना हुन्छ । यस प्रकृतिको द्वन्द्वमा लगभग समान प्रकृतिका नकारात्मक मूल्यहरूबिचको सङ्घर्ष हुन्छ ( लेविन, सन् १९३५, पृ. १२३) । त्यस्ता मूल्यहरू विपरीत दिशामा उन्मुख हुने हुनाले कुनै व्यक्ति निरन्तर दुई लक्ष्यको दबाबमा पर्छ र एकको चयन गर्न बाध्य हुन्छ । दुवै विकल्पमा नकारात्मक मूल्य रहने हुनाले यस प्रकारको द्वन्द्व समाधानका निम्ति जटिल हुन्छ (डेभिडोफ, सन् १९७६, पृ.४४८) । अनिच्छित बिचको द्वन्द्वको परिणति सुखद नहुने हुनाले यस प्रकारको द्वन्द्वले निराशा उत्पन्न गर्ने जोखिम हुन्छ ।

### (ग) सकारात्मक नकारात्मक द्वन्द्व

सकारात्मक नकारात्मक द्वन्द्व अनुकूल र प्रतिकूल दुवै अवस्थासँग जोडिएको हुन्छ। यसमा दुवै परिस्थितिसँग एकै पटक सामना गर्नुपर्ने हुन्छ । सकारात्मक र नकारात्मक मूल्यहरू एकै स्थानमा हुन्छन्; एकै पटक उपस्थित हुन्छन् र तिनको सङ्घर्षका कारण सकारात्मक नकारात्मक द्वन्द्व उत्पन्न हुन्छ (लेविन, सन् १९३५, पृ. १२३) । यो अवस्था सकारात्मक मूल्यबाट ज्यादा प्रभावित हुन्छ तर नकारात्मक मूल्यको दबाबबाट भने मुक्त भइसेकेको हुँदैन । यसमा सकारात्मक मूल्यहरूको दबाबले क्रमशः निर्णयको मार्ग प्रशस्त गर्दै जान्छ तर त्यसलाई तत्काल‍ै ग्रहण गर्ने वातावरण भने बनिसकेको हुँदैन ।

कुर्त लेविनले प्रस्तुत गरेको आन्तरिक द्वन्द्वका उपर्युक्त आधार साहित्यिक पाठमा अन्तर्निहित द्वन्द्वको विश्लेषणका निम्ति पनि उपयोगी हुने देखिन्छ । सामान्यतः साहित्यका सन्दर्भमा आन्तरिक द्वन्द्वको सम्बद्धता मुख्य पात्रसँग हुन्छ। यसले लक्ष्यमा पुग्नका निम्ति मुख्य पात्रले आफैसँग गरेको सङ्घर्षलाई बुझाउँछ । विभिन्न किसिमका द्वन्द्वचक्र पार गरिसकेपछि मात्र विशेषतः मुख्य पात्र लक्ष्यमा पुग्न सफल हुन्छ (उपाध्याय, २०६७, पृ.२७७) । प्रस्तुत लेखको विश्लेष्य सामग्री *राजकुमारी वासवदत्ता* काव्यको द्वन्द्वविधानको विश्लेषण गर्नका निम्ति पनि कुर्तले प्रस्तुत गरेको आन्तरिक द्वन्द्वसम्बन्धी मान्यता उपयुक्त नै देखिन्छ । त्यसैले कुर्तले प्रस्तुत गरेका मान्यतालाई प्रस्तुत काव्य विश्लेषण गर्ने प्रमुख ढाँचाका रूपमा उपयोग गरिएको छ ।

## राजकुमारी वासवदत्ता काव्यको विषयगत सन्दर्भ

खण्डकाव्यमा विभिन्न स्रोतका विषयवस्तु उपयोग गर्न सकिन्छ । यसमा प्रयोग हुने विषयवस्तुलाई प्रसिद्ध, उत्पाद्य र मिश्रित स्रोत गरी मूलतः तीन वर्गमा वर्गीकरण गरेको पाइन्छ । काव्यमा उपयोग हुन सक्ने त्यस्ता एकल वा मिश्रित स्रोतका विषयवस्तुको स्वरूप पनि भिन्न भिन्न हुन सक्छ । प्राकृतिक, सामाजिक, पौराणिक, ऐतिहासिक, सांस्कृतिक-धार्मिक, दार्शनिकजस्ता स्वरूपका विषयवस्तुलाई पनि एकल वा मिश्रित रूपमा काव्यमा प्रयोग गर्न सकिन्छ (अवस्थी, २०६४, पृ. ५३) । *राजकुमारी वासवदत्ता* खण्डकाव्यमा प्रसिद्ध स्रोतको विषयवस्तु प्रयोग भएको देखिए पनि त्यसमा मौलिकताको निर्वाह भएको पाइन्छ । संस्कृत साहित्यका प्रसिद्ध नाटककार भासकृत राजा उदयनको कथामा आधारित *प्रतिज्ञायौगन्धरायण* र *स्वप्नवासवदत्ता* नाटकमा राजनीतिका षड्यन्त्र, उदयनका प्रेम र विवाहको कथा पाइन्छ (शास्त्री, सन् १९९७, पृ. पृ. ७-८ ) । यसबाहेक बृहत्कथा, प्रियदर्शिका नाटक आदिमा पनि उदयन र वासवदत्तासम्बन्धी विविध प्रकारका कथा प्रस्तुत भएको पाइन्छ । प्रस्तुत काव्यमा तिनै कथामध्येको सानो अंशलाई विषयवस्तु बनाइएको छ (पराजुली, २०७०, पृ. ३६१) । प्रस्तुत काव्य रचनाका सन्दर्भमा काव्यकार त्रिपाठी ती कथाबाट प्रेरित भएको बुझिन्छ तथापि उनले *राजकुमारी वासवदत्ता*लाई मौलिक स्वरूपमा प्रस्तुत गरेको देखिन्छ । त्यसैले काव्यको पृष्ठभूमिमा ऐतिहासिक पौराणिक सन्दर्भ रहेको छ । त्यसमा समकालीन युगका राजनीतिक षड्यन्त्र, स्वार्थ, अशान्ति अनि त्याग, समर्पण, मानवताजस्ता कुराहरू पनि समेटिन पुगेका छन् । यति हुँदाहुँदै पनि काव्यको मूल विषयवस्तु युवायुवतीको प्रेम आकर्षण र प्रयणयात्रामा केन्द्रित हुन पुगेको छ । विषम राजनीतिक अवस्थामा परस्पर शत्रुताको भाव भएका देशका नरेश र राजकुमारीका बिचमा विकसित प्रेमलाई परिणतिमा पुऱ्याउन काव्यमा विशेषतः आन्तरिक द्वन्द्वको भूमिका महत्त्वपूर्ण रहेको देखिन्छ ।

## काव्यमा प्रयुक्त आन्तरिक द्वन्द्वको विमर्श

*राजकुमारी वासवदत्ता* काव्य प्रमुख पात्र वासवदत्ताको आत्मालापीय शैलीमा प्रस्तुत गरिएको हुनाले यसको आन्तरिक द्वन्द्व वासवदत्तामा केन्द्रित हुन पुगेको छ । उदयनलाई प्रत्यक्ष नदेख्दै उनका बारेमा सुनेका कुराले वासवदत्ता प्रभावित भएकी छन् । तिनै उदयनलाई प्रत्यक्ष रूपमा देखेपछिको प्रभाव, आकर्षण, प्रेमानुभूति, तनाव, छटपटी, प्राप्तिको मनोकाङ्क्षा अनि त्यस क्रममा उनले कल्पना गरेका पारिवारिक, सांस्कारिक एवम् राजकाजी अवरोधबाट काव्यको आन्तरिक द्वन्द्व निर्मित छ । राजबन्दी बनाएर राजमहलमा ल्याइएका उदयनलाई उत्सुकतापूर्वक हेरिरहेकी वासदवत्ताको अन्तःकरणमा प्रीतिभाव जाग्रह हुन्छ । उदयनमाथि दृष्टि पुग्नुपूर्व वासवदत्तालाई राजसी जीवन नै पूर्ण लारिरहेको हुन्छ तर उदयनलाई देख्नासाथ उनलाई त्यो जीवन अपूर्ण भएको जस्तो महसुस हुन्छ । प्रथम दृष्टिमै उत्पन्न प्रेमभावले वासवदत्तालाई अशान्त बनाउँछ । त्यही अशान्त भावले अस्थिरताको मार्ग अवलम्बन गर्छ अनि क्रमशः बृहत् आकार लिँदै जान्छ । यौवन अवस्थामा भर्खर पाइला टेकेकी तर पौरुषेय आकर्षणले नछोइएकी वासवदत्ताको मनमा उदयनको उपस्थितिले तीव्र तरङ्ग उत्पन्न गर्छ । वासवदत्ता अज्ञात रूपमै रोमाञ्चित हुन पुग्छिन् । एक्कासि आफूमा आएको अनुभूतिगत परिवर्तनले उनलाई चकित बनाउँछ । उनलाई सपनामा पनि सम्मोहित भएजस्तो अनुभव हुन्छ । उदयनलाई देखेपछि वासवदत्तामा उत्पन्न भएका यस्तै भावको अभिव्यक्तिबाट प्रस्तुत काव्य आरम्भ भएको छ र यो आन्तरिक द्वन्द्वको प्रथम विन्दु पनि हो । यहाँ *राजकुमारी वासवदत्ता* काव्यमा प्रयुक्त आन्तरिक द्वन्द्वको विश्लेषणलाई क्रमशः (क) सकारात्मक सकारात्मक द्वन्द्व, (ख) नकारात्मक नकारात्मक द्वन्द्व र (ग) सकारात्मक नकारात्मक द्वन्द्व शीर्षकमा प्रस्तुत गरिएको छ ।

### सकारात्मक सकारात्मक द्वन्द्व

प्रस्तुत काव्यमा सकारात्मक सकारात्मक द्वन्द्वको अभिव्यक्ति आद्यान्त भएको देखिन्छ । यौवन, संस्कार र स्वभाव, मातृप्रेम र प्रेमीप्रेम, अनुशासन र अस्तित्व जस्ता धनात्मक मूल्यबिचको सङ्घर्षबाट काव्यको सकारात्मक सकारात्मक द्वन्द्व संरचित छ । आन्तरिक द्वन्द्वको आरम्भ पनि यही द्वन्द्वबाट भएको देखिन्छ । सम्पुष्ट हुँदै गएको वासवदत्ताको यौवन र पुरुषप्रति त्यसको आकर्षणले उनको अचेतन उद्वेलित हुन थाल्छ । चेतनले भने त्यो के भइरहेको छ भन्ने कुरा तत्काल पहिल्याउन असमर्थ हुन्छ । उनको यो द्वैदावस्थालाई काव्यमा यसरी व्यक्त गरिएको छ–

आज मानसमा मेरो नौलो लय उठेसरि

पला-पला म कल्पन्छु के के खोजिरहेसरि

परिवर्तन कस्तो यो पीडामय व्यथामय

कस्तो पीडा व्यथा कस्तो माधुरी माधुरीमय (१/१७)

प्रस्तुत काव्यांशमा उदयनलाई देखेपछि वासवदत्तामा उत्पन्न अनुभूतिको अभिव्यक्ति गरिएको छ। उदयनको प्रभावले वासवदत्तामा नौलो लहर उत्पन्न गरेको छ । आफैमा पूर्ण भएको महसुस गर्ने वासवदत्तालाई उदयनका प्रभावले अपूर्ण भएको अनुभव हुन थाल्छ । मनले के खोजिरेहको छ भन्ने कुरा उनी स्वयम्लाई थाहा हुँदैन । आफैमा घटित उक्त अवस्था पहिल्याउन नसक्दा एकातर्फ वासवदत्तालाई पीडाको बोध भइरहेको छ भने अर्कातर्फ त्यसले कष्ट नभई आनन्द पनि थपिरहेको छ । यस्ता अनुभूतिका कारण उनमा बेचैनी थपिँदै जान्छ अनि अनिद्रा र छट्पटीमा समय बित्न थाल्छ । वासवदत्ताको हिजो र आजको भौतिक संसार उहीँ छ तर आत्मिक संसारमा भने व्यापक परिवर्तन आएको छ । रात, आकाश, जून, हावा, वन, पहरा, फाँट, बगैँचा, नगर, दरबार, गाउँवस्ती, समय आदि सबै उस्तै छन् तर वासवदत्ताको शान्त हृदय उद्वेलित छ; अशान्त छ । आफैभित्रको छट्पटीले उनी स्वयम् पनि आश्चर्यचकित् बनेकी छन् । यस्तो द्वन्द्वमय अवस्थामा उनको मनमा आजलाई बिर्सेर हिजोतिरै फर्कूँ कि भन्ने विचार पनि उठ्छ । यो विगत र वर्तमानका सुखद पक्षले उत्पन्न गरेको द्वन्द्व हो । उनलाई हिजोको किशोरावस्था शान्त र प्रिय लाग्छ; आजको यौवनावस्थाले अशान्त र विचलित बनाउँछ । उनले अनुभूत गरेको किशोर र यौवन अवस्थाका सङ्क्रमणलाई काव्यमा यसरी व्यक्त गरिएको छ-

किन टेकेँहुला मैले मेरो वयस-सन्धिमा

किन देखेँहुँला मैले नचिनेको मुहार त्यो (१/३४)

वासवदत्ताको उद्वेलित मनोभाव उपर्युक्त काव्यांशमा प्रस्तुत गरिएको छ । वासवदत्ताका माध्यमबाट व्यक्त गरिएको अनुभूतिगत द्वन्द्वले किशोरवयका सङ्क्रमणका तात्कालिक अवस्थाको चित्रणलाई जीवन्त बनाएको छ । यौवना अवस्था पुगेकी वासवदत्ताको मनोभावमा कुनै पुरुषको प्रभाव परेको देखिँदैन यद्यपि उनको अन्तःकरणमा यौवनका राग जाग्रत हुँदै गएको कुरा उनका व्यवहारमा देख्न सकिन्छ । अचेतमा सुषुप्त यौवनको त्यही रागलाई उदयनको उपस्थितिले उद्दीप्त तुल्याइ दिन्छ । त्यसपछि किशोर कालको शान्त अवस्था र यौवनका रागपूर्ण स्थितिका बिचमा पौरुषेय आकर्षण तरङ्गित हुँदा द्वन्द्वको सिर्जना हुन्छ (चापागाईं, २०६०, पृ. १०७) । प्रेमको पहिलो स्पर्शसँगै उनमा भावावेग बढ्न थाल्छ । रोमान्स र खिन्नताका भाव सँगसँगै तरङ्गित हुन थाल्छन् । वासवदत्ता निरन्तर भावाकुल हुँदै जान्छिन् । काव्यमा उनका यी अनुभूतिको अभिव्यक्तिसँगै आन्तरिक द्वन्द्व विस्तार हुँदै गएको छ । उदयनलाई देखेपछि वासवदत्तामा उत्पन्न चेष्टाले प्रेमिल अवस्थालाई अभिव्यञ्जित गरेको छ । वासवदत्तमा देखापर्ने छटपटी, बेचैनी, विचलन, रोमान्स, सन्देह आदि त्यसका परिणति हुन् । त्यो अधिकतः आनन्दमय र विस्मयकारी बनेको छ । उनको अन्तःकरणमा गहिरो प्रभाव पार्ने त्यो व्यक्तित्व ग्राह्य हो वा त्याज्य भन्ने अन्योल लगायतका भावहरूको कुशल अभिव्यक्तिले आन्तरिक द्वन्द्वको प्रारम्भिक अवस्थालाई रोचक बनाएको छ ।

काव्यको आन्तरिक द्वन्द्वलाई सशक्त बनाउने अर्को आधार वासवदत्ताका संस्कार र स्वभावबिचको सङ्घर्ष पनि हो । राजकीय अनुशासनमा हुर्के बढेकी आज्ञाकारी राजकुमारी वासवदत्तामा यौवनका अवस्थामा प्रवेश गरेको र पुरुषप्रति अज्ञात रूपमा आकर्षित भएपछि उनी प्रेमाक्रान्त बनेकी छन् । उनले उन्मुक्त हुन खोजिरहेका बैंसका लहर र अनुशासनले बाँधिएका संस्कारका लहरबिचका सकारात्मक सकारात्मक मूल्यको दबाबमा परेको अनुभव गरेकी छन्, जसको अभिव्यक्ति काव्यमा यसरी भएको छ-

वेग विह्वलझैँ मेरा बैंसका निर्झरीहरू

अजेयसरि यी मेरा संस्कार लहरीहरू

उत्तिखेरै म उर्लन्छु उत्तिखेरै म फिर्दछु

अन्तर्तरङ्का माझ राजहंसीसमान म (१/१४३)

प्रेमका लहर उद्वेलित हुँदा उनलाई अघि बढूँजस्तो लाग्छ भने संस्कारको चेतनाले उनलाई अगाडि बढ्न दिँदैन । वासवदत्तालाई एकातिर पारिवारिक संस्कार, अनुशासन, मर्यादाले बाधेको छ भने अर्कातिर जीव विकासका प्राकृतिक

परिवर्तन, आवश्यकता र इच्छाले उद्वेलित बनाएको छ । त्यसैले कति बेला उनमा रहेको संस्कारजनित चरित्र सशक्त बन्छ भने कति बेला प्राकृतिक स्वभावले निकास खोज्ने प्रयत्न गर्छ । यस अवस्थामा स्वभाव स्वतन्त्र हुन खोज्दा संस्कारका बन्धनले जबर्जस्त दबाउन खोजेको पनि पाइन्छ किनभने सुखद सुखद मूल्य भए पनि वासवदत्ताका सन्दर्भमा ती एकै पटक प्राप्य देखिँदैनन् । यी दुई पक्षको सङ्घर्षमा रहेकी वासवदत्ता यथास्थितिमा सन्तुष्ट हुन पनि सक्दिनन् र नयाँ यात्रा गर्ने हिम्मत पनि जुटाउन सकेको देखिँदैन । उनको यो अवस्था काव्यमा यसरी व्यक्त भएको छ-

आज मानसमा मेरो अनिर्णय अनिर्णय
कस्तो विक्षुब्ध सङ्गीत विनाताल विनालय
यस सङ्क्रान्ति वेलामा अनिश्चय अनिश्चय
न यथास्थितिमै तृप्ति, यात्राकै न त साहस (१/१४५)

यस किसिमको अन्योल देख्दा उनीभित्र स्वभावगत चरित्र विकसित हुँदै गरेको तर त्यसले संस्कारगत चरित्रलाई जिति नसकेको कुरा थाहा पाइन्छ ।

वासवदत्तामा अङकुरित प्रेम दोहोरो सम्बन्धका प्रभावबाट उत्पन्न भएको होइन । उदयनलाई देखेपछि उनी प्रेमिल भएकी हुन्, उनलाई उदयनले देखेका वा उनीबाट प्रभावित भएका होइनन् । उदयनप्रतिको उनको एकोहोरो आकर्षण तीव्र रूपमा बढ्दै जान्छ । यसै क्रममा उनका मनमा विभिन्न तर्कवितर्कहरू सञ्चरण गरिरहेका छन् । उनको एक मनले दरबारीया संस्कार, जन्मभूमिप्रतिको जिम्मेवारी, आमाबुबाको माया, विश्वासलाई छोड्न सकेको छैन । अर्को मन भने यौवनका आकाङ्क्षाबाट निर्देशित छ । यी दुवै अवस्थामा धनात्मक मूल्य संश्लेषित छ । त्यसले उदयनलाई आफ्नो ठानिसकेको छ । यी विपरीत धारका भावबाट सञ्चरित भएको हुनाले वासवदत्ताले तीव्र तनाव भोग्नु परेको देखिन्छ । संस्कारका बन्धनले बाधिएकी वासवदत्ता प्रेमीलाई प्राप्त गर्ने इच्छाबाट पछि हट्न नसकेको अनि संस्कारका बन्धनलाई तोडेर लक्ष्य प्राप्तिका निम्ति विद्रोह गर्न पनि नसकेको अवस्थाबाट गुज्रिएकी छन् । उदयनका व्यक्तित्वले उनलाई पारेको प्रभाव अनि त्यसैले उत्पन्न गरेको मनोद्वन्द्वको प्रभावकारी अभिव्यक्तिले काव्य रोचक बनेको छ ।

उदयनलाई टाढैबाट देखेपछिको दोस्रो दिन बिहान वासवदत्ताको दृष्टि अतिथिशालाको खुल्ला झ्यालमा पुग्छ । उनी राजबन्दीका रूपमा रहेका उदयनले आफूलाई हेरिरहेको जस्तो ठान्छिन् । यद्यपि उनले वासवदत्तालाई नै हेरिरहेका हुन् वा होइनन् भन्ने कुरा काव्यले सुनिश्चित गरेको छैन । यस घटनापछि वासवदत्ताको अन्तर्द्वन्द्व अझ तीव्र हुन पुग्छ । उदयनसँगको प्रेम सम्बन्धको कल्पनामा मात्र रोमाञ्चित बनिरहेकी वासवदत्तामा लज्जा, सङ्कोच, कम्पन, विस्मय, व्याकुलताजस्ता भाव उत्पन्न हुन्छन् । उदयनको यौवन, ज्योति, लावण्य देखेर उनी हर्षोन्मत्त हुन्छिन् । उनले आफूलाई पूर्णतः उदयनमा समर्पित गरेको अनुभूति गर्छिन । यसले प्रणय यात्राका निम्ति कामिनी वासवदत्तामा रहेको छटपटीलाई अभिव्यञ्जित छ ।

उदयनले राजबन्दी हुन स्वीकार गरी युद्धविराम गरेसँगै काव्यको परिस्थिति फेरिन्छ । उनी अवन्ती राजकुमारी वासवदत्ताका सङ्गीत गुरुमा नियुक्त हुन्छन् । अघि प्रत्यक्ष भेटघाट, बोलचाल पनि नभएको तर कल्पनाको संसारमा सर्वप्रिय बनेको मान्छे गुरु बनेर आएको देख्दा वासवदत्ता आश्चर्यचकित् हुन्छिन् । उदयन गुरु बनी आएको कुरा प्रिय लागे पनि उनी भने निशङ्क रहन सक्दिनन् । उनका मनमा आफ्नो परीक्षा लिनका निम्ति यो प्रपञ्च रचिएको हो कि भन्ने सन्देह उत्पन्न हुन्छ । उदयनको नियुक्तिले काव्यको आन्तरिक द्वन्द्व थप सशक्त बन्न पुगेको छ । गुरुशिष्य सम्बन्धका छ महिनाबिचमा उनीहरू परस्परमा खुल्दै र निकट हुँदै जान्छन् । उदयनले वासवदत्ताको प्रेमप्रस्ताव स्वीकार गर्छन । यहाँ पुग्दा वासवदत्ताका मनमा चलिरहेको प्रेमका बारेमा उदयनले के सोंच्दा होलान् भन्ने द्वन्द्वले निकास पाउँछ । एकोहोरो प्रेमले दोहोरा मान्यता पाउँदा अझ बलशाली हुन्छ । वत्सराजको स्वीकार र समीपताले वासवदत्तालाई स्वभावतः प्रफुल्लित तुल्याउँछ तर त्यो प्रफुल्लता पुनः निराशामा परिणत हुने हो कि भन्ने सन्त्रासले भने उनलाई छोड्दैन । यही सन्त्रासले गर्दा मिलनको क्षण पनि वासवदत्ताका निम्ति तनावपूर्ण हुन्छ । यसै सन्दर्भमा वासवदत्तालाई आश्चर्यचकित् तुल्याउने गरी उदयनले एउटा प्रस्ताव राख्छन्, जसबाट काव्य सङ्घर्ष

विकासको अवस्थामा पुगेको छ । उक्त प्रस्तावलाई वासवदत्ताका माध्यमबाट काव्यमा यसरी अभिव्यक्त गरिएको छ-

प्रिय भन्छौ- 'भागिहालौँ भोलि अर्धनिशीथमा
छ गुप्त योजना केही ठीक-ठीक प्रबन्ध छ'
वत्सराज गर्‍यौ कैले नजानिसक्नु मन्त्रणा
अज्ञात त्रासले मेरो मुटु ढुक्ढुक गर्छ यो (६/९९)

उदयनको यस प्रस्तावसँग वासवदत्ता प्रणययात्राको योजनामा सफल भएकी छन् तर त्यसले पूर्णता पाइसकेको भने छैन । उदयनका तर्फबाट वासवदत्तले चाहेजस्तै प्रणययात्रा सुनिश्चित भए पनि तत्काल आत्मनिर्णय गर्न नसक्दा द्वन्द्वको जटिलता बाँकी रहन्छ । "एकातिर यस अवधिमा नायिकाभित्र माइती देशप्रतिको प्रेम, पिताको स्नेह र विश्वास, माताको ममता र माया उर्लन्छ भने अर्कातिर प्रेमको मधुर ताप र भविष्यको मधुर कामनाका बिचमा विपरीत परिस्थितिको द्वन्द्व चल्छ" (ज्ञवाली, २०७०, पृ.४५) । तीव्र आशा गरेको कुरा प्राप्त हुँदा समेत तत्काल स्वीकार गर्न नसक्नाको कारणहरूलाई काव्यमा सूक्ष्म रूपमा चित्रण गरिएको छ-

मलाई मुक्तपथमा छेक्छ दीर्घ अतीतले
मेरो संस्कारले रोक्छ मेरै सन्त्रासले पनि
कलिला पाइला अड्छन् द्वन्द्वले राजकाजका
माइतीबोधले छेक्छ अभिसार कहाँ गरूँ (६/५८)

माथिको काव्यांशमा सूचित नायिकाको उमेर, भावुकता, ललितता, अव्यावहारिकता, एक्लोपन, संस्कार, मातृपितृका मायाममता, किशोरवयको अतीत आन्तरिक कारणका रूपमा देखापर्छन् । माइतीबोध र प्रेमबोधको अन्तर्द्वन्द्वमा परेकी वासदत्ताकम बाह्यान्तरिक चुनौती सामना नगरी लक्ष्य प्राप्ति हुन सक्दैन भन्ने चेतनाको विकास पनि हुँदै गएको देखिन्छ । उक्त चेतनाबाट बन्दीकाल समाप्त हुनासाथ उदयन मुक्त भएपछि तत्काल वत्स फर्कने हुनाले उनी फर्कनुपूर्व नै कुनै टुङ्गोमा पुग्नु पर्छ भन्ने कुराको बोध वासवदत्तालाई भएको पाइन्छ । त्यसैले आत्मनिर्णय नलिए प्रेमको यात्रा सङ्कटमा पर्न सक्ने, राजनीति र भावना सहयात्रा गर्न नसक्ने, प्रतीक्षा घातक हुन सक्ने, प्रेममा साहस चाहिने, जटिल परिस्थितिमा सार्थक निर्णय गर्न सक्नु नै बुद्धिमानी हुने जस्ता विचारबाट प्रेरित हुँदै वासवदत्ताले उदयनको निमन्त्रणालाई स्वीकार गर्छिन र गुरुदक्षिणाका रूपमा उदयनसमक्ष समर्पित हुन मानसिक रूपमा तयार हुन्छिन् । यस घटनासँग काव्यद्वन्द्व उत्कर्षमा पुगेको छ । सकारात्मक सकारात्मक मूल्यको अन्तर्द्वन्द्वबाट वासवदत्तामा आएको परिवर्तनलाई काव्यमा यसरी प्रस्तुत गरिएको छ-

प्रिय स्वीकार निम्तो छ : स्वीकार्छु खतराहरू
थालनी सहयात्राको सकार्छु सहभागिता
तिम्रा उडानमा मैले मेरा वेगहरू भरेँ
जुन केन्द्र तिमी घुम्छौ मलाई सँगमा लगे (७/३५)

आफैलाई कमजोर ठानिरहेकी वासवदत्ता आत्मनिर्णको स्थितिमा आइपुग्दा भने साहसी नायिका बनेर देखापरेकी छन् । उनले उदयनलाई वरण गर्ने र त्यस क्रम सामना गर्नु पर्ने सम्भावित सबै किसिमका बाधा अवरोधका निम्ति आफूलाई आन्तरिक स्तरमा सबल बनाउँदै लगेकी छन् । उनले आफूले लिएको निर्णयले निम्त्याउन सक्ने प्राप्ति अप्राप्तिका सुखदुःखको भोक्ता आफै हुने प्रण गरेकी छन् । कार्यको परिणाम भोग्न तयार हुनु आत्मदृढताको सङ्केत हो । उनमा आत्मबल बढेको छ । उनका यी व्यवहार र कार्यबाट कर्तव्य, संस्कार र अस्तित्व बिचको द्वन्द्वमा प्रेम र अस्तित्वचेत सबल बन्दै गएको देखिन्छ । नायिका वासवदत्ता प्रणययात्राको लक्ष्य प्राप्तिका निम्ति दृढ बन्दै जानु अनि संस्कार, मातृस्नेह, कर्तव्य आदि धनात्मक मूल्यमाथि अस्तित्व र प्रेमसम्बन्धका धनात्मक मूल्यको वर्चस्व बढ्दै गई काव्यको सकारात्मक सकारात्मक द्वन्द्व प्रभावकारी बन्दा अन्ततः काव्यद्वन्द्व परिणतिमा पुगेको देखिन्छ ।

## नकारात्मक नकारात्मक द्वन्द्व

प्रस्तुत काव्यमा नायिकाको अनिर्णित अवस्थामा नकारात्मक नकारात्मक द्वन्द्वको स्थिति देख्न सकिन्छ । वासवदत्ताले उदयनलाई भित्री मनले चाहेको कुरा मातापितालाई बताउन सकिरहेकी छैनन् । मनोभावको अभिव्यक्तिमा उनमा देखिएको असमर्थताका पछाडि मातापितामा पर्नसक्ने आघातसँगै उदयनलाई पर्नसक्ने जोखिमको कल्पना रहेको देखिन्छ । एकातिर वत्स र अवन्तीका बिचमा चलिरहेको युद्ध र अर्कातिर मातापितासँग मन खोल्न नसकी रहेकी वासवत्ताले वास्तवमा जटिल अवस्था भोगिरहेकी छन् । नकारात्मक मूल्यले घेरिएकी वासवदत्ताका भाव काव्यमा यसरी व्यक्त भएका छन्-

खतरै-खतरा देख्छु केही बोलूँ भने पनि  
चारैतर्फ विपद् भेट्छु मनमा पिल्सिदा पनि  
कलिलो दिल भोग्दै छ प्रचण्ड धर्म-सङ्कट  
कलिलो प्रीतिका निम्ति हुन्छ विश्वास घात यो (६/१०८)

उपर्युक्त काव्यांशमा संस्कारले बाँधिएकी वासवदत्ताका मनमा उदयनलाई मन पराएका कुरा मातापितालाई भन्न नसक्दाको पीडा अभिव्यक्त भएको छ। मन पराएको व्यक्ति शत्रु देशको नरेश हुनाले प्रेमको कुरा बताउँदा राजबन्दी बनाइएको उदयनलाई अझ बढी सङ्कट पर्ने हो कि भन्ने आशङ्का अनि किशोरवयका सङ्क्रमणमा पारिवारिक सांस्कारिक अनुशासनबाट विचलित नहुन निरन्तर सचेत गराइरहेका मातापिताका अहम्मा आफ्नो निर्णयले नकारात्मक प्रभाव पार्ने हो कि भन्ने अर्को चिन्ता वासवदत्ताका तनावमा अभिव्यञ्जित भएको छ । नबोल्दा प्रेमी गुम्ने डर अनि बोल्दा मर्यादा उल्लङ्घन हुन जाने सन्त्रासजस्ता नकारात्मक नकारात्मक मूल्यको सङ्घर्षका कारण वासवदत्ताभित्र तीव्र दबाब र तनावको अवस्था सिर्जना भएको छ। संस्कारको सङ्कोचले गर्दा हुन सक्छ आमाबुबाको अगाडि भित्रभित्रै चलिरहेको छटपटीका कुरा उनले व्यक्त गर्न सकेकी छैनन्। आफ्नो व्यवहारले मातापिताका भावना अनि राजकाजमा नकारात्मक प्रभाव पर्ने हो कि भन्ने संशय उनमा देखिन्छ । उनको उक्त भावनालाई काव्यमा यसरी प्रस्तुत गरिएको छ-

आमाका मुखमा हेर्छु के के खोजी म हर्दम  
भनूँ कि नभनूँ मेरो मनको गुह्य यो भनी  
बुबाको चेहरा पढ्छु के छ लक्ष्य बुझूँसरि  
निभ्न सक्छ कि सक्दैन राँको यो वैरको भनी (३/४४)

मनका कुरा व्यक्त गर्न चाहँदा चाहँदै पनि त्यसको सम्भावित परिणतिलाई सम्झेर वासवदत्ता प्रताडित भएको भाव माथिको काव्यांशमा व्यक्त भएको छ । उनले कति बेला आमाको मुख हेर्छिन, कति बेला बुबाको आशय बुझ्न खोज्छिन् । शत्रु देशको नरेशलाई चाहेको कुराले मातापिताका भावनामा चोट पर्ने हो कि भन्ने चिन्ताले गर्दा नै उनी भनूँ वा नभनूँको द्वन्द्वमा परेकी छन् । आमालाई सुनाउँदा उनको विश्वास र ममतामा चोट पुग्ला अनि बुबालाई सुनाउँदा उनी झन् क्रुद्ध हुँदा बन्दी बनाइएका प्रेमी उदयनलाई सङ्कट पर्ने कि भन्ने वासवदत्ताको भित्री चिन्ताले उत्पन्न गरेको नकारात्मक नकारात्मक मूल्यका अनुभूतिलाई सूक्ष्म अवलोकन अनि विश्वसनीय चित्रणले काव्य रोचक बनेको छ ।

उनका अगाडि जबर्जस्त आकाङ्क्षा र वाधा तेर्सिएका छन् । उनलाई भित्रभित्रै विद्रोह गर्ने चाहना हुन्छ । भावनात्मक रूपमा उक्त विचार उठे पनि मानसिक र शारीरिक रूपमा तयार नदेखिनाले उनमा विद्रोहको तत्परता र क्रियाशीलता देखिँदैन । उनी भित्रभित्रै सांवेगिक रूपमा अस्थिर भएकी छन् । उनका मनोभावहरू यसरी उर्लिरहेका छन् कि ती कसैगरी रोकिन वा सम्हालिन सक्ने अवस्थामा छैनन् । उनको त्यो अवस्थाबारे काव्यमा भनिएको छ-

म बाँध शीलको तोडी नजगी अब सक्तिनँ  
संवेग- वेगिला धारा म रोक्न अब सक्तिनँ  
धारा नदीले हज्जारौं मिसाए सिन्धुमा सरि

बताऊँ कि मुमालाई म गुह्य मनका सबै (३/१०४)

काव्यमा मौनताको अनुशासनलाई तोड्नु पर्छ भन्ने विचारमा वासवदत्ता पुगेको देखिन्छ तर अझै पनि मनका कुरा आमासँग खोल्ने साहस उनले गर्न सकेकी छैनन् । मनमा उठिरहेका अनेक भाव, तर्कवितर्कले उनीलाई द्वन्द्वको चक्रमा भन् भन् जेल्दै लगेको देखिन्छ । त्यसैले निकासको बाटो नपहिल्याउने हो भने जीवन नै निरर्थक हुन सक्ने कल्पनामा उनी पुग्छिन् । कल्पित परिणाम र सन्देहले उनलाई कमजोर बनाएको अनि अज्ञात त्रासका रापतापमा बसिरहने हो भने जिन्दगी नै ध्वस्त हुने हो कि भन्ने संशय उनका मनमा खेल्न थाल्छ । यसै सन्दर्भमा उदयनले राजबन्दी हुन तयार भएको र युद्धविरामको घोषणा गरेको कुरा वासवदत्ताले थाहा पाउँछिन् तर त्यो उनलाई स्वाभाविक लाग्दैन । राजा फर्काउनका निम्ति वत्ससेनाले देखाएको दृढता र युद्धविरामको सन्देशका बिचमा तालमेल नमिलेको अनुभूति वासवदत्तालाई हुन्छ । यद्यपि उदयनको शान्तिप्रिय कदमको उनले प्रसंशा गर्छिन । अबको अवस्था र भविष्य के होला भन्ने कुराले उनलाई सताउन भने छोड्दैन । यसरी प्रस्तुत काव्यमा नकारात्मक नकारात्मक द्वन्द्वको अवस्था देखापरेको छ ।

### सकारात्मक नकारात्मक द्वन्द्व

सकारात्मक नकारात्मक द्वन्द्व प्रस्तुत काव्यको आन्तरिक द्वन्द्वमा रहेको अर्को महत्त्वपूर्ण पक्ष हो । यस काव्यकी नायिकका वासवदत्ताको एक मात्र लक्ष्य उदयनलाई प्राप्त गर्नु देखिन्छ । उदयनको व्यक्तित्वबाट अत्यन्त प्रभावित भएकी वासवदत्ताले उक्त लक्ष्य प्राप्तिका निम्ति अनुकूलसँगै प्रतिकूल स्थितिको सामना गर्नु परेको छ । त्यस क्रममा उनीभित्र उत्साह र सन्त्रास, मातृपितृ स्नेहप्रतिको घात र अस्तित्वबोध, साहस र आशङ्का जस्ता परपस्पर विरोधी मूल्यहरूको द्वन्द्व देखापर्छ । उदयनप्रति एकतर्फी आकर्षण र उनको रूपलावण्यबाट मोहित भएपछि वासवदत्तालाई आफू उनको मोहबाट उन्मुक्त हुन नसकेको अनुभव हुन्छ । उनमा उदयनलाई प्राप्त गर्न के कस्तो साधना गनुपर्ला भन्ने जिज्ञासा उत्पन्न हुन्छ । यहाँ वासवदत्तामा उदयनलाई प्राप्त गर्नका निम्ति के गर्ने के नगर्ने, कसरी र कस्तो साधना गर्ने भन्ने भावका बिचमा द्वन्द्व देखापर्छ । प्रेमको तपश्याको कठोरताले हच्काएको भए पनि प्राप्तिको तीव्र आकाङ्क्षाले भने उनलाई उत्साहित बनाएको छ । काव्यमा उनको मनस्थितिको अभिव्यक्ति यसरी भएको छ-

म थालूँ कि नथालूँ यो एकान्त प्रीतिको व्रत
आज संशयका मेघ मेरा मानस व्योममा
कठोर छ अनुष्ठान म हच्कन्छु पला पला
गर्नैपर्ने अनुष्ठान म तम्सन्छु पला पला (१/१२९)

वासवदत्ता अन्योलै अन्योलको जालमा बेरिँदै गएकी छन् । उनको एक मनले प्रेमको मार्ग अपनाउन खोजिरहेको छ । अर्को मनले भने त्यस क्रममा निम्तिन सक्ने जोखिमलाई देखाइरहेको छ । त्यसैले उनी प्रेमको मार्गमा सहसा अघि बढ्न वा त्यसलाई बिर्सिएर निश्चिन्त हुन सक्ने अवस्थामा पनि देखिन्निन । उनले यौवनका वेगलाई नियन्त्रण गर्न सकेकी छैनन् भने अघि बढ्न उनको संस्कार दिएको पनि छैन । दोधारको अवस्थाले उनी प्रताडित भएकी देखिन्छिन् । उनले प्रेमप्राप्तिको सपना देखेकी त छिन् तर त्यहाँसम्म कसरी पुग्ने भन्ने मार्गचित्र कोर्न सकेकी छैनन् । उनले कल्पेको प्रेम र त्यहाँसम्म पुग्ने रेखा प्रस्ट नहुँदा के गरूँ, कसो गरूँको सङ्कोच र दोधारको अवस्था सिर्जना भएको देखिन्छ-

म भन्दछु बगूँ किन्तु पहरो छ म सक्दिनँ
म भन्दछु अडूँ किन्तु वेग रोक्न म सक्दिनँ
कस्तो सङ्क्रान्ति-वेला यो प्रीतिको पहिलो घडी
मभित्र व्याप्त बेचैनी 'न रोकिनु न बग्नु' को (१/१३१)

काव्यको सकारात्मक नकारात्मक द्वन्द्वलाई सशक्त बनाउने अर्को पक्ष प्रेम र युद्धबिचको टकराब हो । वासवदत्ताका लागि उदयन परमप्रिय बनेका छन् तर उनी शत्रु देशका नरेश हुन् । वत्स र अवन्तीका बिचमा वैरभावको आगो दन्किएको छ । यी एकअर्कामाथि विजय हाँसिल गर्न उद्दत छन् । वावसदत्ताले तिनै शत्रु देशका

नरेशलाई प्रेमसारथी बनाउन चाहेकी छन् । यस्तो अवस्थामा प्रेम र युद्धजस्ता विपरीत ध्रुवका शक्तिका बिचबाट उनी कसरी लक्ष्यमा पुग्लिन भन्ने जिज्ञासाले पाठकलाई आकर्षित गरिरहन्छ । प्रेमले समर्पण र युद्धले अभिमानको बाटो रोज्छ । त्यसैले यी एकअर्काका प्रतिद्वन्द्वजस्ता देखिन्छन् । त्यस कारण वासवदत्ताले प्रेमप्राप्तिका निम्ति गरेको कल्पना उनले सोँचेभन्दा ज्यादा जटिल बन्न सक्ने सम्भावना देखापर्छ । अवन्ती देशका निम्ति शत्रु देशका नरेशलाई प्रेम गर्ने उनको चरित्र अक्षम्य अपराध हुन सक्छ । त्यसैले अवन्ती र वत्सका बिचमा चलिरहेको द्वन्द्व वासवदत्ताका निम्ति बाधक बन्ने देखिन्छ । यो कुरा वासवदत्तालाई बोध छ र उनको बोध काव्यमा यसरी व्यक्त भएको छ-

अवन्ती राजपुत्री म, छन् बन्दी वत्सराज यी
दन्केदो वैरको आगो अवन्तीमा र वत्समा
मेरो प्रणययात्रा यो अक्षम्य अपराधझैँ
प्रणयावेग यो मेरो झञ्झावात अदम्यझैँ (२/७७)

प्रस्तुत काव्यमा अवन्ती र वत्सका बिचमा चलेको द्वन्द्वभन्दा वासवदत्तामा क्रमशः परिपक्व हुँदै गएको प्रणयको वेग ज्यादा सशक्त बन्दै देखिन्छ । उनमा मातापिता तथा मातृभूमिमाथिको कल्पित अपराधबोध र त्यसको दण्डको मूल्यभन्दा प्रेमको भाव सबल बन्दै जान्छ । त्यसैले वैरभावका कारण चलिरहेको दुई राज्यबिचका युद्धले प्रणययात्रालाई छेक्न सक्ने छैनन भन्ने उनलाई लागेको छ । शत्रु देशका नरेशसँग प्रेम गर्दाका भोग्नु पर्ने नकारात्मक मूल्यलाई प्रेमीप्राप्त गर्ने लक्ष्यमा अविचलित वासदत्ताका चरित्रले कमजोरी तुल्याएको देखिन्छ । अब भने उनमा प्रेमको यात्रामा आइपर्ने वाधा अवरोधको छिचोल्दै अगाडि बढ्ने साहस जुट्दै जान्छ । नदीको यात्रासँग तुलना गर्दै वासवदत्ताको दृढताबारे काव्यमा यसो भनिएको छ-

प्रवाह-मार्गमा कैयौँ डाँडा-काँडाहरू हुनन्
नरोकिई किन्तु बग्छे यो मेरी प्रीतिकी नदी
टाकुराका हुनन् ताँती लम्पसार पहाडका
बहन्छे हुन्हुनाएर किन्तु यो प्रीतिकी हुरी (२/८०)

वासवदत्ताभित्र चलिरहेको सकारात्मक नकारात्मक विचारका अन्तर्द्वन्द्वले क्रमशः उनलाई भावनात्मक रूपमा सबल बनाउँदै छ भन्ने कुराको सङ्केत उधृत काव्यांशमा देख्न सकिन्छ । यसमा पारिवारिक प्रेमले बाँधिएको र त्यसबाट मुक्त हुन कठिन भइरहेको अनुभव गर्ने वासवदत्ताले प्रकृतिबाट प्रेरित हुँदै लक्ष्य विरुद्धका बाधा पन्छाउँदै, आफ्नो बाटो आफै बनाउँदै सधै अघि बढिरहने नदीबाट प्रेरित भएको देखिनाले आन्तरिक सङ्घर्ष उत्कर्षतिर जाँदै छ भन्ने कुराको सङ्केत मिल्दछ ।

वासवदत्ताले जीवन यात्राको नयाँ सङ्कल्प गर्दै जाँदा अतीतको स्मृति झन्झन् गहिरो हुँदै जान्छ । उनलाई पुनः बालापन, मातृस्नेह, जन्मभूमिलाई छोडेर जानु गर्ने अवस्थालाई सम्झेर पीडाबोध हुन्छ । एकातिर भुल्न नसकेका बाल्यकालका स्मृति अनि अर्कातिर यौवनका चाहनाको दबाबमा उनी परिरहन्छिन् । त्यसैले माइती देश छोड्ने कल्पना गर्दा उनलाई प्राण नै छोडेजस्तो महसुस हुन्छ । जीवनको महत्त्वपूर्ण निर्णय गर्दासमेत अभिभावलाई भन्न नसकेकीकी वासवदत्ताले आफ्नो निर्णयबाट कुनै अपराध हुन गए क्षमा गर्न अवन्तीका कुलदेवतासँग प्रार्थना गर्छिन । अन्ततः नायिका वासवदत्ताको नायक उदयनसँग सम्मिलन देखाई प्रेमको साहसिक र सफल यात्रामा पुगेर काव्यको अन्तर्द्वन्द्व स्थिर हुन्छ र काव्य पनि यही समापन हुन्छ । अन्त्यसम्म पनि अतीतको मिठो स्मृति र मातृपितृ स्नेहबाट छुट्न कठिन भइरहेकी वासवदत्तालाई जीवन अनिर्धारित हुन्छ भन्ने बोध भएको देखिन्छ । यसले उनलाई नयाँ यात्राका निम्ति थप प्रेरणा दिएको पाइन्छ, जसलाई यसरी व्यक्त गरिएको छ-

कहाँ जीवन बाँचिन्छ विशुद्ध नाप-तौलले
जिन्दगीका गणितमा भइहाल्छ कहीँ त्रुटि (७/७३)

यसरी वासवदत्ताले उदयनलाई देखेपछि आरम्भ भएको प्रेमाशक्त आन्तरिक द्वन्द्व अन्ततः प्रेममिलनको लक्ष्य पुगी समापन भएको छ । उदयनमाथि परेको प्रथम दृष्टिबाट प्रभावित भएकी यौवना वासवदत्तामा उत्पन्न भएका प्रणयभाव विविध किसिमका आन्तरिक अवरोधसँग जुध्दै विकसित हुँदै गएको छ । यसक्रममा भावुक नायिकाको

चरित्र पनि परिपक्वता बन्दै गएको देखिन्छ । प्रेमप्राप्ति र अस्तित्वका निम्ति उनले लिएको सार्थक आत्मनिर्णयले दरबारीया अनुशासन र संस्कारको चौघेरामा हुर्किएकी शान्त किशोरीमा उत्पन्न भएका प्राकृतिक आत्मिक आकाङ्क्षा विविध तनावका स्थितिलाई काव्यमा सशक्त रूपमा अभिव्यक्त गरिएको छ । वासवदत्ताले उदयनलाई प्राप्त गर्ने क्रममा भोगेका परस्पर विरोधी र समानान्तर सूक्ष्मभावको रोचक चित्रणले काव्यको आन्तरिक द्वन्द्व जटिल सँगसँगै सशक्त र प्रभावकारी बनेको छ ।

## द्वन्द्वविधान र परिणति

द्वन्द्वविधानले कथा, घटना वा भावलाई परिणतिमा पुऱ्याउनका निम्ति गरिएको प्रबन्ध वा योजनालाई बुझाउँछ । *राजकुमारी वासवदत्ता* भावप्रधान काव्य हो । यसमा सुसंस्कारमा हुर्केकी सोह्रवर्षे राजकुमारीमा प्रेम अङ्कुरित गराई त्यसलाई सार्थक परिणतिमा पुर्‍याउने लक्ष्य रहेको देखिन्छ । त्यसका निम्ति मूलतः आन्तरिक द्वन्द्व र अंशतः बाह्यद्वन्द्वको आयोजना गरिएको छ । नायकको व्यक्तित्वका बारेमा सुनेकी तर उनलाई नदेखेकी प्रेमाशक्त भावुक राजकुमारीलाई द्वन्द्वको प्रमुख भोक्ता बनाइएको छ । नायिकाकाको अचेतनामा रहेको प्रभावलाई चेतनामा ल्याउनका निम्ति राजनीतिक षड्यन्त्रको बाह्यद्वन्द्वका माध्यमबाट नायक वत्सनरेश उदयनलाई बन्दी बनाई अवन्तीमा ल्याइएको छ । बन्दीलाई उत्सुकतापूर्वक हेरिरहेकी वासवदत्तालाई ती व्यक्ति उदयन हुन भन्ने थाहा हुन्छ । उनको अचेतनमा रहेको प्रभाव उद्दीप्त हुन्छ । यहीँ अवस्थाबाट काव्यद्वन्द्व आरम्भ हुन्छ र यो विशेषतः सकारात्मक सकारात्मक, सकारात्मक नकारात्मक मूल्यको अन्तर्द्वन्द्वबाट सुदृढ हुँदै परिणतिमा पुगेको देखिन्छ ।

प्रस्तुत काव्यमा नायकलाई प्राप्त गर्ने मनोकाङ्क्षाले दरबारभित्रकी शान्त नायिकको प्रेमकुण्डमा रतिरागको आँधीबेहरी उत्पन्न भएको देखाइएको छ । अब उनलाई विगतको शान्त किशोर काल अपूर्ण भएको महसुस हुन्छ । नायकसँगको प्रणययात्रा नै त्यो अपूर्णतालाई पूर्ण बनाउने आधार हुने महसुस गरी नायिका प्रेमप्राप्तिको महाव्रतमा लागेको देखाइ काव्यलाई अगाडि बढाएइको छ । बाहिर दुई देशबिचको शत्रुता र भित्र संस्कार, मातृपितृ र जन्मभूमिप्रतिको गहिरो मायाप्रेम, संस्कार र कर्तव्य, भावुकता, अन्योलता आदिलाई अवरोधी तत्त्व बनाइएको छ । यसै गरी प्रप्त्याशाका तीव्रता र अप्राप्तिका सम्भावित परिणामका परस्पर विरोधी मूल्यलाई टकराबमा पुऱ्याई नायिकालाई सङ्कटको परिस्थितिसँग सामना गराइएको छ । एकोहोरो प्रेमको व्याकुलता, सन्देह, अस्थिरता, अन्योल, अनिर्णय, बेचैनी, सन्त्रासको जटिलतामा तिलमिलाएकी नायिकका अगाडि राजबन्दीलाई सङ्गीतका गुरुमा नियक्त गरी नयाँ परिस्थितिको निर्माण गरिएको छ । नायक नायिक परस्परमा निकट गराई एकले अर्कोलाई बुझ्न, एकोहोरो प्रेमलाई दोहोरो सम्बन्धमा परिणत गर्न, प्रेमलाई पल्लवित पुष्पित हुँदै परिपक्व बनाउनका निम्ति करिब छ महिनाका घटना सूच्य रूपमा राखी उनीहरूको प्रणयको अभिव्यक्तिलाई विश्वसनीय बनाउँदै द्वन्द्वको शिखर आरोहण गराउने प्रयत्न गरिएको छ । "यस अवस्थितिमा वासवदत्ताका मनमा प्रेमको द्वन्द्व नभई उदयनप्रति चर्किन गएका सहानुभौतिक ममताको द्वन्द्व प्रखर बन्न थाल्दछ । दोहोरो प्रेमको विकास मात्र होइन, विश्वासको वृद्धि पनि भइरहँदा प्रेमको स्थिति परिपाकको अवस्थातिर उन्मुख हुँदै जान थाल्दछ" (चापागाईं, २०६०, पृ. १०८) । यसरी काव्यको आन्तरिक द्वन्द्वलाई सङ्घर्षका विविध खुट्किला पार गराउँदै आकर्षक बनाइएको छ र त्यो स्वाभाविक रूपमा विकसित हुँदै गएको छ ।

पारिवारिक र सांस्कारिक बन्धनबाट मुक्त हुन नसकेको अनि जीवनको अस्तित्वसँग जोडिएको प्रेमलाई त्याग्न पनि नसकेको; मनका कुरा अभिभावकलाई व्यक्त गर्न नसकेको अनि सुनाउनका निम्ति अन्य कुनै माध्यमसमेत नभएको अवस्था सिर्जना गरी काव्यकी नायिकालाई अर्को सङ्कटमा पुर्‍याइएको छ । यस्तै सङ्कटै सङ्कटका अवस्थामा नायकका माध्यमबाट सहयात्राको गुप्त योजना सुनाई काव्यद्वन्द्वलाई चरमोत्कर्षमा पुऱ्याएको छ । त्यसपछि पनि नायिकालाई धनात्मक मूल्यको संश्लेषित रूपमा माइतीबोध र ऋणात्मक मूल्यको संश्लेषित रूप संस्कारहीनताका कल्पित आरोपबिचको द्वन्द्वले उद्वेलित बनाइरहन्छ । नायकका प्रस्तावलाई स्वीकार गर्न नायिकाले भोगिरहेको तनावपूर्ण वर्तमानमा भरोसायोग्य आधार नभेटिएपछि उनलाई अतीतका ख्यातकथाका नायिकाहरूको साहसिक यात्रा र प्रकृतिलाई सुखद परिणतिमा पुऱ्याउने युक्ति रूपमा सार्थक उपयोग गर्दै आफ्ना निम्ति आफै निर्णय गर्नु पर्ने, समयले कसैको प्रतीक्षा नगर्ने, कल्पना र प्रतीक्षाले मात्र लक्ष्यमा नपुऱ्याउने, कर्मको परिणाम भोग्न तयार हुनुपर्ने जस्ता कुराको बोध गराई सम्पूर्ण वाधालाई जित्ने साहसिक आत्मनिर्णय र त्यसको कार्यान्वयनसमेत देखाई लक्ष्य प्राप्तिको सार्थक परिणतिमा काव्यलाई पुऱ्याइएको छ । यसरी प्राप्ति र अप्राप्ति, कर्तव्य र अस्तित्व,

संस्कार र स्वभाव आदि बिचका परस्पर विरोध तत्वको सङ्घर्षको सूक्ष्म बुनोट गरी प्रस्तुत काव्यको आन्तरिक द्वन्द्वविधानलाई प्रभावपूर्ण बनाइएको छ ।

## निष्कर्ष

*राजकुमारी वासवदत्ता* कवि वासुदेव त्रिपाठीले रचना गरेको खण्डकाव्य हो । प्रस्तुत काव्यमा पौराणिक स्रोतको विषयवस्तुलाई मौलिक रूपमा उपयोग गरिएको छ । त्यो विशेषतः नरनारीका प्राकृतिक प्रेमाकर्षण र प्रणययात्रामा केन्द्रित छ । भावप्रधान हुनाले यस काव्यमा आन्तरिक द्वन्द्वको सशक्त विधान गरिएको छ । आन्तरिक द्वन्द्वको भोक्ताका रूपमा काव्य नायिका वासवदत्ता नै देखापरेकी छन् । उदयनको व्यक्तित्व र लावण्यबाट प्रभावित वासवदत्तामा उनलाई प्राप्त गर्ने तीव्र चाहना भएपछि उनले संस्कार, मायाममता, जिम्मेवारी, अनुशासन, राजकाजी द्वन्द्व, एक्लोपन अदिका सकारात्मक नकारात्मक परिस्थितिसँग जुध्नु परेको छ । यद्यपि घटनाक्रम अगाडि बढ्दै जादै उनी सकारात्मक मूल्यको वर्चश्व बढ्दै जाँदा अनुकूल परिस्थिति बन्दै गएको र त्यसलाई नायिकाले उपयोग गर्दै अस्तित्वका निम्ति आत्मनिर्णयको साहस गरेकाले उदयनसँगको प्रणययात्रामा पुग्न सफल भएको देखाइएको छ । यस सन्दर्भमा काव्यकारले विशेषतः नायिकाका मनोभाव, अनुभूति, प्राप्त्याशा, अप्राप्तिका सम्भाव्यताजस्ता विविध पक्षसँग सम्बद्ध द्वन्द्वका सूक्ष्म रूप केलाएका छन् । यसले गर्दा एकातिर नायिकको चरित्र विकासमा निकै मद्दत पुगेको छ भने अर्कातिर युवामनको प्रीतिबोध र त्यसका सकारात्मक नकारात्मक भावका प्राप्ति अप्राप्तिको द्वैदावस्था तनाव, छटपटी, हर्ष, अन्योल, आवेग आदिसँग सम्बद्ध मनोभावको उद्घाटन गर्ने आन्तरिक द्वन्द्वको सघन विधान सम्भव भएको छ ।

आन्तरिक द्वन्द्वका सैद्धान्तिक आधारमा प्रस्तुत काव्यको विश्लेषण गर्दा आन्तरिक द्वन्द्वका मूलतः तीन अवस्था सकारात्मक सकारात्मक, नकारात्मक नकारात्मक र सकारात्मक नकारात्मक मूल्यबिचको द्वन्द्व पहिचान भएको छ । तीमध्ये मातृदेश र प्रेमीदेशका भावनात्मक तथा सांस्कृतिक सम्बन्धसँग जोडिएका सकारात्मक मूल्य अनि प्रेमी ग्रहण गर्दा खप्नु पर्ने मर्यादाहीनका सम्भावित आक्षेप, गोप्य निर्णयका कारण मातापितामा पर्नसक्ने आघातसँग सम्बद्ध नकारात्मक मूल्यसँग जोडिएको नकारात्मक सकारात्मक द्वन्द्वको अभिव्यक्ति तुलनात्मक रूपमा प्रभावकारी रहेको देखिन्छ । त्यसमा पनि सकारात्मक सकारात्मक मूल्यबिचको द्वन्द्वको सधनताले काव्यलाई आकर्षक र स्तरीय बनाउन महत्त्वपूर्ण भूमिका खेलेको छ । यसरी यौवनावस्थाका पात्रको मनोभावभित्र पसेर तिनका अन्तरकुन्तरलाई सावधानीपूर्वक निरीक्षण र मर्मबोध गरी विश्वसनीय, आकर्षक अनि रोचक बनाउँदै लक्ष्य प्राप्तिको युक्तिका रूपमा उपयोग गरिएको आन्तरिक द्वन्द्व विधानको सघनताकै कारण प्रस्तुत काव्य स्तरीय बन्न सकेको छ ।

## सन्दर्भ सूची


अवस्थी, महादेव. (२०६४). *आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विवेचना.* इन्टेलेक्चयुअल्ज बुक प्यालेस ।

उपाध्याय, केशवप्रसाद.(२०६७). *साहित्य-प्रकाश,* (सातौं संस्क.). साझा प्रकाशन ।

ज्ञवाली, रामप्रसाद. (२०७०). *खण्डकाव्य समालोचना.* ऐरावती प्रकाशन प्रा.लि. ।

चापागाई, नरेन्द्र. (२०६०). *नरेन्द्र चापागाईका समालोचना.* साझा प्रकाशन ।

डेभिडोफ, लिन्डा एल. (सन् १९७६). *इन्ट्रोडक्सन टु साइकोलोजी,* (दोसं.). मग्रावहिल बुक ।

त्रिपाठी, वासुदेव. (२०४५). *तीनथुँगा.* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

त्रिपाठी, वासुदेव. (२०६७). *सृजनकुञ्ज.* प्रेमदत्त गोमा त्रिपाठी स्मृति प्रतिष्ठान ।

पराजुली, मोतीलाल (२०७०) 'एउटी राजकुमारीको प्रणययात्रा' खण्डकाव्यमा र सविधान. *डा. वासुदेव त्रिपाठी : स्रष्टा एक द्रष्टा अनेक.* राजेन्द्र सुवेदी, (सम्पा.). त्रिपाठी ग्रन्थ प्रकाशन समिति, पृ ३५७-३६७ ।

मिलनर, निअल इ. (सन् १९७१). *सेलेक्टेड पेपर्स अन कन्फ्लिक्ट, डिस्प्लेसमेन्ट, लर्नड् ड्राइभस् एन्ड थिअरी.* अथ्रेटन आएनसि ।

लेविन, कुर्त. (सन् १९३५). *अ डाइनामिक थिएरी अफ पर्सनालिटी : सेलेक्टेड पेपर्स.* डोनाल्ड के. अदाम्स र कार्ल. जेनेर (अनु.). मग्रावहिल बुक ।

शास्त्री, आचार्य जगदीशलाल. (सन् १९९७). *स्वप्नवासवदत्तम् : हिन्दीभाषान्तर-संस्कृतटीका-प्रसङ्गसहितकठिनस्थलविवेचन-टिप्पणी-भूमिकादिभिः.* मोतीलाल बनारसीदास ।